आज मिति २०८१ साल मंसिर ०६ गते बिहीबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को ~~मख्वौं~~ छैटौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | [signature] |
| २ | देविता राई | उपाध्यक्ष | [signature] |
| ३ | गणेश राई | वडाध्यक्ष | [signature] |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | [signature] |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | [signature] |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | [signature] |
| ७ | ईश्वर राई | वडाध्यक्ष | [signature] |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | [signature] |
| ९ | सागर राई | कार्यपालिका सदस्य | [signature] |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | [signature] |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | [signature] |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | [signature] |
| १४ | भद्रबहादुर राई | नि.प्रमुख प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | [signature] |
| १६ | दिपक खडका | लेखापाल | [signature] |

<u>प्रस्तावहरु</u>

**प्रस्ताव नं १:** समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं २:** पर्यटन बिकास परियोजना कार्यन्वयन समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं ३:** सडक बोर्ड नेपालको २०८१।०८२ को बजेट कार्यन्वयन सम्बन्धमा ।

**प्रस्ताव नं ४:** वहु वर्षे योजना कार्यन्वय सम्बन्धमा ।

**प्रस्ताव नं ५:** विपदजन्य तथा आगालागि जन्य घटना सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ६: माङ्तेवा स्वास्थ्य चौकी उद्घघाटन सम्बन्धमा ।

## निर्णयहरु

**प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को चौथो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २: पर्यटन बिकास परियोजना कार्यन्वयन समिति गठन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश बिराटनगरको प.सं. ४५८ पत्र मिति २०८१।०७।०५ को परियोजना कार्यन्वयन समिति गठन गर्ने बारे पत्र बमोजिम नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय संझौता अनुसार यस पालिकामा निर्माण, पुनर्स्थापना र प्रर्धन हुने पद मार्गका लागि स्थानीय परियोजना कार्यन्वयन समिति तपशिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १.श्री भुपाल राज राई | अध्यक्ष |
| २.श्री भद्र बहादुर राई | सदस्य |
| ३.श्री दिपक खड्का | सदस्य |
| ४.श्री गणेश राई | सदस्य |
| ५.श्री मोहन शम्शेर राई | सदस्य |
| ६.श्री प्रताप सिंह तामाङ | सदस्य |
| ७.श्री देबेन्द्र राई | सदस्य |
| ८.श्री ईश्वर राई | सदस्य |
| ९.श्री सुजन श्रेष्ठ | सदस्य |
| १०.श्री प्रविन राई | सदस्य सचिव |
| ११.श्री ............... | (प्राबिधिक सहयोग तर्फका प्रतिनिधी) |

**प्रस्ताव नं ३: सडक बोर्ड नेपालको २०८१।०८२ को बजेट कार्यन्वयन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपालबाट यस आ.व. को लागि समपुरक कोषबाट योजना सञ्चालन गर्ने गरी जम्मा रकम रु. १२०००००।– प्राप्त भएको हुदाँ उक्त रकमबाट सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम ९ बमोजिम गाउँपालिकाले २० प्रतिशत हुन आउने रकम रु.३००००० ।– सरकारी तथा गैरसरकारी संघ संस्था संग साझेदारीकोषबाट बिनियोजन गरी गाउँपालिकाको केन्द्र देखि जिल्ला सदरमुकाम जोड्ने

सडक खण्ड अन्तर्गत सिम्लादाक, गाउँपालिका भवन आसपास, छेर्छेरे , ५ नं वडा हुदै सदरमुकाम जोड्ने सकमा योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ४: वहु वर्षे योजना कार्यन्वय सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको बिभिन्न वडाहरु भित्र बिगत आ.व.हरुबाट वहुवर्षिय रुपमा सञ्चालन भई रहेको योजना आयोजनाहरु समयमा सम्पन्न गर्न पालिकाका सबै जना जनप्रतिनिधीहरुले तदारुकताका कामका लगाउने, अनुगमन तथा रेखदेख गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ५: विपदजन्य तथा आगालागि जन्य घटना सहयोग सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ३ लकुवा निवासी ना.प्र.नं. २०५६ भएका श्री राम माया राईको माटो, ढुंगा,काठ तथा टीनले छाएको ३ तले कच्ची घर मिति २०८१।०७।१७ गते अचानक आगालागी भई घर पुर्ण रुपमा क्षती भएको हुदाँ आगालागी विपदजन्य प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधी २०७८ बमोजिम उक्त आगालागी भएको घर पुनर्निर्माणका लागि जिल्ला विपद ब्यवस्थापन समिति सङ्खुवासभामा अनुरोध गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६: माङ्तेवा स्वास्थ्य चौकी उद्घघाटन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ४ माङ्तेवा स्थित नवनिर्मित माङ्तेवा स्वास्थ्य चौकी भवन तत्काल उद्घघाटन गर्ने, उक्त उद्घघाटन कार्यक्रममा वहालवाला जनप्रतिनिधी ज्युहरु, पुर्वजनप्रतिनिधी ज्युहरु, वडा स्थित कृयाशिल राजनैतिक दलका प्रतिनिधी ज्युहरु, बुद्धिजिवी तथा वडा स्थित महिला स्वास्थ्य स्वयं सेविका ज्युहरुलाई आमन्त्रण गर्ने र उक्त कार्यक्रममा चियापानका लागि बिबिध खर्च शिर्षकबाट रु.४००००। बिनियोजन गरी खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।